ネパール語

प्रान्तवासी तथा उद्यमी महानुभावहरूलाई गरिएको आग्रहलाई निरन्तरता दिनेबारे

प्रान्तवासी तथा उद्यमी महानुभावहरूलाई मार्च ७ तारिख (शनिबार)-सम्म अत्यावश्यक कामबाहेक अनावश्यक रूपमा घरबाहिर ननिस्कन संयमित हुन र रेस्टुरेन्टको व्यापार समय छोट्याउन आग्रह गरेका थियौँ। त्यो आग्रह फुकुओका प्रान्तभरि मार्च २१ तारिख (शनिबार)-सम्म दुई हप्ताको लागि निरन्तरता दिने निर्णय गरेका छौँ। हालको सङ्क्रमण स्थितिबमोजिम सङ्क्रमणको रिबाउण्डप्रति सतर्क रहनुपर्ने हुनाले यो निर्णय गरिएको हो।

प्रान्तवासी तथा उद्यमी महानुभावहरूमा पर्न जाने कठिनाइ तथा असुविधाको लागि क्षमाप्रार्थी छौँ र सहयोगको लागि विनम्र अनुरोध गर्दछौँ।




रेस्टुरेन्टका महानुभावहरूलाई आग्रह गर्छौँ कि मार्च 21 तारिखसम्म व्यापार गर्ने समय बिहान 5 बजेदेखि बेलुका 9 बजेसम्म, मादक पदार्थ बिक्री-वितरण गर्ने समय बिहान 11 बजेदेखि अर्डर-स्टप बेलुका साढे 8 बजेसम्म बनाउने कुरालाई जारी राख्नुहोस्। व्यवसाय प्रकारअनुसारको कार्यढाँचामा आधारित सङ्क्रमण रोकथाम उपायहरू कडाइका साथ अपनाई "सङ्क्रमण रोकथाम घोषणा स्टिकर" टाँसेर सङ्क्रमण रोकथामको प्रयास गरिरहेको कुरा स्पष्ट देखाउनुहुन अनुरोध गर्छौँ।

यस सन्दर्भमा सहयोग गर्नुभएका उद्यमी महानुभावहरूलाई प्रतिदिन 40 हजार येनको सहयोग रकम भुक्तानी गर्ने विचार गर्दै छौँ। उद्यमी महानुभावहरूले गर्नुहुने आवेदनको बोझ कम गर्न मार्च 8 देखि 21 तारिखसम्म【चौथो अवधि】-को आवेदन दिने बेलामा【दोस्रो अवधि】(फेब्रुअरी 8 तारिख～फेब्रुअरी 28 तारिख) तथा【तेस्रो अवधि】(मार्च 1 तारिख～मार्च 7 तारिख)-को आवेदन पनि सँगै दिन सकिनेछ।

मानिसहरूबीच सम्पर्क हुने अवसर कम गर्न प्रान्तवासी महानुभावहरूलाई अत्यावश्यक कामबाहेक अनावश्यक रूपमा घरबाहिर ननिस्कन र एक ठाउँबाट अर्को ठाउँमा नजान संयमित हुने, "सान-मित्सु (अर्थात् हावाको आवतजावत राम्रो नहुने बन्द कोठा, बढी भीडभाड हुने ठाउँ र एकदम निजक बसेर गरिने कुराकानी)-बाट टाढा रहने, शारीरिक दूरी

कायम राख्ने मास्क लगाउने, हात धुनेजस्ता सङ्क्रमण रोकथामका आधारभूत उपायहरूलाई कडाइका साथ पालन गर्नुहुन अनुरोध गर्दछौँ।

साथै उद्यमी महानुभावहरूलाई घरबाट अफिसको काम गर्ने (टेलिवर्क) र अफिसमा आउने दिनको पालो मिलाउने उपायहरू विस्तृत रूपमा अपनाई जारी राख्नुहुन अनुरोध गर्दछौँ।

सङ्क्रमणको रिबाउण्ड हुन नदिन अपनाउनुपर्ने कुराहरू

पछिल्लो दिनमा पनि लेखेझैँ सबैभन्दा महत्त्वपूर्ण चुनौती भनेको सङ्क्रमणको रिबाउण्ड हुन नदिनु नै हो।

तसर्थ प्रान्तवासी महानुभावहरूलाई निम्न कुराहरू अनुरोध गर्दछौँ।




फुकुओका प्रान्तले प्रान्तद्वारा सञ्चालित पार्कमा आयोजना गरिएको साकुरा माचुरी पर्व रद्द गरी पार्कमा जमघट बसेर खानपिन नगर्न संयमित हुन आग्रह गर्दै छौँ। नगरपालिका तथा गाउँपालिकालाई पनि यस्तै उपायहरू अपनाउन अनुरोध गर्ने क्रममा छ।

अन्तमा

फुकुओका प्रान्तमा अबउप्रान्त पनि अस्पतालमा थप बेड सुनिश्चित गर्नेलगायत चिकित्सा सेवा प्रदान प्रणालीको सुदृढीकरण, वृद्धाश्रमजस्ता सुविधाहरूमा सङ्क्रमण नियन्त्रण उपायहरू कडाइका साथ लागू गर्नुका साथै नयाँ पोजेटिभ सङ्क्रमितको सङ्ख्या, नयाँ प्रजातिको भाइरसको प्रवृत्ति र मान्छेहरूको प्रवाह आदिबारे सतर्कता अपनाउँदै ध्यानमा राख्नेछौँ खोपको सम्बन्धमा भोलि मार्च 5 तारिख (शुक्रबार)-देखि स्वास्थ्यकर्मीहरू आदिलाई उच्च प्राथमिकता दिँदै खोप लगाउन सुरु गरिनेछ। नगरपालिका तथा गाउँपालिकामा पनि सुचारु ढङ्गले खोप लगाउने लक्ष्य राख्दै पूर्ण रूपमा सहायता दिनेछौँ।

यसपछि पनि प्रान्तवासी तथा उद्यमी महानुभावहरूसँग एकजुट भई सम्पूर्ण समाज मिलेर कोरोना भाइरसविरुद्धको

लडाइँमा विजयी हुनु सगैँ अघि बढौँ। फुकुओका प्रान्तका सम्पूर्ण महानुभावको समझदारी तथा सहयोगको लागि विनम्र अनुरोध गर्दछौँ।